# कालीगण्डकी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

विर्घा, स्याङ्जा
स्थापित २०७३

पत्र संख्याः २०८०/८१
चलानी नं.

गण्डकी प्रदेश, नेपाल

## सेवा करार लिने सम्बन्धी सूचना।

(प्रथम पटक प्रकाशित मितिः २०८०।०९।०२)

प्रस्तुत विषयमा यस गाउँपालिका र रुम टु रिड नामक संस्थाको साझेदारीमा हाल पालिका भित्रका १० वटा विद्यालयहरुमा बालबालिकाहरुमा पठन सिप विकास तथा पुस्तकालय व्यवस्थापन कार्यक्रम सञ्चालन भैरहेको र उक्त कार्यक्रमको लोकप्रियता तथा प्रभावकारिता पनि भएकोले यस कार्यक्रमको निरन्तरता एवं गाउँपालिका भित्रका सबै सामुदायिक विद्यालयहरुमा यसको कार्यान्वयन तथा दिगोपनाको लागि तपसिल बमोजिम छनौट गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र इच्छुक व्यक्तिहरुले तपसिलका कागजातहरु संलग्न राखि रितपूर्वक आवेदन दिनहुन सम्बन्धित सबैमा जानकारिका लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपसिलः**

| क.सं. | विज्ञापन नं. | पद | माग संख्या | कैफियत |
|---|---|---|---|---|
| १. | ०६-२०८०।८१ | साक्षरता सहजकर्ता संयोजक | १ | |

१. शैक्षिक योग्यताः न्यूनतम शैक्षिक योग्यता स्नातक परीक्षा उतीर्ण प्रमाणपत्रको प्रमाणित प्रतिलिपि ।
२. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि।
३. उमेरः १८ वर्ष पूरा गरी ४० वर्ष ननाघेको।
४. तालिम तथा अनुभवः प्रारम्भिक तह नेपाली भाषा पठन सीप विकास आधारभूत शैक्षणिक तालिम/पुस्तकालय व्यवस्थापन तालिम/शिक्षक पेशागत सहयोग आधारभूत तालिम /पुस्तकालय पढाइ गतिविधि तालिम / एकिकृत पाठ्यक्रम अनुरुप सिकाइ मूल्यांकन तालिम लिई शिक्षक पेशागत विकासमा सहजीकरण/शैक्षिक सामग्री विकास गर्न सक्ने एवम् आधारभूत तहमा शिक्षण सिकाइ अनुगमन तथा मूल्यांकन कार्य गर्न सक्ने व्यक्तिलाई प्राथमिकता दिइने ।
५. दरखास्त दिने मितिः २०८०/०९/०२ देखि २०८०/०९/०८ सम्म ।
६. परीक्षाको किसिमः संक्षिप्त सूची प्रकाशन तथा अन्तर्वार्ता
७. परीक्षा दस्तुरः रु.५००/-
८. परीक्षा मितिः संक्षिप्त सूची प्रकाशन गर्दा तोकिने ।

पर्शुराम उपाध्याय
प्रमुख प्रशासकीय अधिकृत